मदाने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प.सं. २०७८/०७९

च.नं. 286

पुर्कोटदह, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल


मिति: २०७८।०६।०५

विषयः प्रथम चौमासिक माग फाराम पेश गर्नुहुन।

श्री सामुदायिक विद्यालयहरु सबै,
मदाने गाउँपालिका, गुल्मी।

प्रस्तुत विषयमा यस मदाने गाउँपालिका अर्न्तगत सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको आ.व. २०७८/०७९ को प्रथम चौमासिक तलब भत्ता तथा चाडपर्व खर्च ( श्रावण -कार्त्तिक महिना सम्मको ) माग फारम तपसिल बमोजिमको प्रावधान पूरा गरी यही मिति २०७८ आश्विन १० गतेभित्र अनिवार्य रुपमा पेश गर्नु हुन अनुरोध छ।
तपसिल

- माग फाराम तोकिएकै ढाँचामा २ प्रति हुनुपर्ने छ।
- प्रथम चौमासिक माग फारम श्रावण देखि कार्त्तिक महिनासम्मको तलब भत्ता तथा एक महिना बराबरको चाडपर्व खर्च माग गर्नु पर्नेछ।
- माग फारमको साथमा अघिल्लो निकासाको तलब भत्ता बुझेको भर्पाई,संचय कोष कट्टी,बिमा कट्टी तथा सामाजिक सुरक्षा कोष कट्टी तथा शिक्षक हाजिरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
- माग फारम दुई प्रति अनिवार्य रुपमा भरी प्रमाणित गरी Cover letter सहित पेश गर्नु पर्नेछ साथै विद्यालयले अनिवार्य रुपमा बैंक खाता नं उल्लेख गर्नु पर्नेछ।
- नयाँ नियुक्ति गरिएको शिक्षक तथा कर्मचारीको हकमा नियुक्ति पत्र तथा हाजिरी भएको जानकारी पत्र तथा सरुवा भएको शिक्षकको हकमा सरुवा पत्र ,रमाना पत्र तथा हाजिरी भएको जानकारी पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
- शैक्षिक सत्र २०७८ को SIP अनिवार्य पेश गर्नु पर्नेछ।
- भाद्र मसान्त सम्म अभिलेखीकरण गरिएका विद्यार्थीहरु IEMIS मा अद्यावधिक गरिएको हुनु पर्नेछ।साथै वर्गीकृत विद्यार्थी विवरण यस शाखामा अनिवार्य रुपमा पेश गरिएको हुनु पर्नेछ।
- गत आ.व.२०७७/०७८ का विल भरपाईहरु ( छात्रवृत्ति,दिवाखाजा,पाठ्यपुस्क) बुँझाउन बाँकी विद्यालयहरु।
- सामाजिक परीक्षण गर्दा सामाजिक परिक्षण मापदण्ड- २०७८ ले तोकेको परिधि र पक्रियाभित्र रहि गर्ने व्यवस्था गर्नुहुन।
- तलव माग गर्दा छुट्टाछुट्टै मागफाराममा मागगर्नुहुन

| क्र.स. | विवरण | नेपाल सरकार रकम रु | स्थानीय तह प्रोत्साहन रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | बालविकास सहजकर्ता | ८०००/- | ७०००/- | |
| २ | विद्यालय सहयोगी | ८०००/- | ७०००/- | |
| ३ | विद्यालय सहायक | १३५००/- | १५००/- | |

- शिक्षकहरुको २०७८ साउन १ गतेदेखि लागूहुने तलबमान

| क्र.स. | पद र श्रेणी | शुरु तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | माध्यमिक तृतीय श्रेणी | ३७९९० | ८ | १२६७ | ४८१२६ |
| २ | नि.मा.द्वितीय श्रेणी | ३७९९० | ८ | १२६७ | ४८१२६ |
| ३ | नि.मा.तृतीय श्रेणी | ३०२०० | ८ | १००७ | ३८२५६ |
| ४ | प्राथमिक प्रथम श्रेणी | ३७९९० | ८ | १२६७ | ४८१२६ |
| ५ | प्राथमिक द्वितीय श्रेणी | ३०२०० | ८ | १००७ | ३८२५६ |
| ६ | प्राथमिक तृतीय श्रेणी | २८६१० | ६ | ९५४ | ३४३३४ |

- **शैक्षिक सत्र २०७४ ,२०७५, २०७६ र २०७७ को तहगत र कक्षागत र विषयगत सिकाइ उपलब्धी आश्विन मसान्त सम्म पेश गर्नुहुन।**
- **विद्यालयमा हालसम्म वेरुजुको अवस्था भए/नभएको भएको भए कुन आ.व.मा कति रकम भएको हो कुन निकायबाट उक्त रकम प्राप्त भएको हो खुलाई पठाइदिनुहुन।**

२०७८।६।५

रुद्रबहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत


Website:www.madanemun.gov.np
E-mail:Info@madanemun.gov.np /gaunpalikamadane@gmail.com